महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

हिमा गाउँपालिका, जुम्ला

८०६६२५०७३००

हिमा गाउँपालिका , जुम्ला

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-६-१८

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
हिमा गाउँपालिका, जुम्ला ,
हिमा गाउँपालिका , जुम्ला

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।६।१६ मा छलफल पश्चात् तयार गरिएको पाना पैचालिस (४५) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७५ को दफा (३५) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत ।कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

श्रीधर प्रसाद पन्त
निर्देशक

बोधार्थ तथा कार्यार्थः
संघिय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिहंदरबार काठमाडौं,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय, जुम्ला,
jumladtco@gmail.com
प्रदेश लेखा नियन्त्रक कार्यालय, जुम्ला,
jumla.efuo62@gmail.com
जिल्ला समन्वय समिति, जुम्ला,
ddcjumla@gmail.com

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडारहेको छ भने क्षेत्रफल१२८ वर्ग किलोमिटर तथा १२ हजार ६१२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।५ देखि २०८०।६।७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ			
	विवरण	रकम	रकम		विवरण	रकम	रकम	
१	गत वर्षको जिम्मेवारी		३५०३८३९२	१	चालु खर्च	२७५९७२४९७	२७५९७२४९७	
	क) नगद			२	पूँजीगत खर्च	१३०५१५३७५	१३०५१५३७५	
	ख) बैंक	३५०३८३९२		३	धरौटी फिर्ता	२११०५९७	२११०५९७	
२	राजस्व (आन्तरिक आय)		५९०९०४९८	४	वित्तिय व्यवस्था भुक्तानी		०	
	क) आन्तरिक राजस्व	१६५४६४१			क) ऋण भुक्तानी	०		
	ख) राजस्व बाँडफाँड	५७४३५८५७			ख) ब्याज भुक्तानी	०		
३	वित्तिय हस्तान्तरण संघ		२८८९८७५५६		ग) अन्य भुक्तानी	०		
	क) वित्तिय समानीकरण अनुदान	८७६९००००		५	सड्क बोर्ड नेपाल	१००००००	१००००००	
	ख) सशर्त अनुदान	१७५१३७०००		६	सामाजिक सुरक्षा	५१५०६८६३	५१५०६८६३	
	ग) समपूरक अनुदान	३५४०७६४		७	दिगो सरसफाइ सोझै	१०७२१०००	१०७२१०००	
	घ) विशेष अनुदान	२२६१९७९२		८	दिगो सरसफाइ सघं	२५५१०७४०	२५५१०७४०	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		४७४९००००	९	आन्तरीक मामिला तथा कानुन मन्त्रालयप्रदेश	३१२०००	३१२०००	
	क) वित्तिय	९१४७०००		१०	सामाजीक	१६३५५५	१६३५५५	

	समानीकरण अनुदान				मन्त्रालय			
	ख) सशर्त अनुदान	२२५३००००		११	मौज्दात			
	ग) समपुरक अनुदान	१००९८०००			क) बैंक मौज्दात स+चित कोष	१९३८२९५९	२७०४७४९३	
	घ) विशेष अनुदान	५७१५०००			ख) धरौटी खाता	३८२२९१९		
५	धरौटी आय	५९३३५१६	५९३३५१६		ग) विविध खाता	३२७९५२९		
६	सडक बोर्ड नेपाल	१०००००	१०००००		घ) अनुदान खाता	६९३६६		
७	सामाजिक सुरक्षा	५११५०६८६३	५११५०६८६३		ङ) बाडफाँड बाट प्राप्त खाता	४९२७२०		
८	दिगो सरसफाइ सोझै	१०७२७०००	१०७२७०००					
९	दिगो सरसफाइ सघं	२५५१०७४०	२५५१०७४०					
१०	आन्तरीक मामिला तथा कानुन मन्त्रालय	३१२०००	३१२०००					
११	सामाजीक मन्त्रालय	१६३५५५	१६३५५५					
	जम्मा	**५२४८६०१२०**	**५२४८६०१२०**		**जम्मा**	**५२४८६०१२०**	**५२४८६०१२०**	

पालिकालाई यसवर्ष SWSWA कार्यक्रमको लागि रु.१२६८३१२९ रकम निकाशा भएकोमा पालिकाद्धारा रु.१०७२७००० मात्र आम्दानी जनाई उक्त रकम पूरै खर्च भएको छ । आम्दानी जनाउन छुट रु.१९५५७४५ पालिकाले विविध खातामा मौज्दात रहेको देखियो । उक्त रकम नियमानुसार सम्बन्धीत निकायमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१९,५५,७४५

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५१५०६८६३, दिगो सरसफाई कार्यक्रमको रु.२५५१०७४०, र अन्य रु.११३०२५५५ समेत गरी रु.८९२१४१५८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.३५७५३७०, पुँजीगत खातामा रु.९३१०६७४, आन्तरिक राजस्व खातामा रु.१८२२८००, राजस्व बाँडफाँड खातामा रु.४९२७२० समेत रु.१५२०१५६४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब –**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५३३००८३.५८, यस वर्षको प्राप्ति रु.९३८६६५९२.३५, यस वर्षको भुक्तानी रु.८०२५१५७९.८६ र बैङ्क मौज्दात रु.६३२२९२०.११ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	४०३६८४७५.५८	३९५९५५१३५.६५	४१७५६१०४७.१४	२०७२४५७२.८९
एकीकृत आर्थिक विवरणअनुसार	३५०३८३९२	४८९८२१७२८	४९७८१२६२७	२७०४७४९३
फरक	५३३००८३.५८	(९३८६६५९२.३५)	(८०२५१५७९.८६)	(६३२२९२०.११)

सैद्धान्तिक बेरुजु

६ **फरक जिम्मेवारी -**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१०३४८६५० मौज्दात रहेकोमा यो वर्ष रु.३५०३८३९२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२४६८९७४२ वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब पेस गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	५८९१७३२०४६	६४४२९१५	५५११८२.५४
चालु खर्च खाता	५३२३९०६	८६१३२९	(४४६२५७७)
पुँजीगत खर्च खाता	६६७५००२०३३	३४८२६९१७	२८१५१९१४.६७
विविध खर्च खाता	०	२९४६४३७	२९४६४३७
आन्तरिक अनुदान खाता	६९३६६	६९३६६	०
कर्मचारी कल्याण कोष खाता	२०००००	२०००००	०
धरौटी	३८२२९१९	३८२२९१९	०
ग१.१, आन्तरिक राजस्व खाता	१८२२८००	१८२२८००	०
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	४९२७२०	४९२७२०	०
जम्मा			२७१८६९५७.२१

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । पालिकाले साट्न बाँकी चेकको लागि भनी चालु खर्च खातामा रु.८० लाख रकम मिति २०८०।४।५ मा सञ्चित कोष खाताबाट ट्रान्सफर गरेको बैक स्टेटमेन्ट पेस गरेको छ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको पाइएन ।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन ।

• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन ।

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको पाइएन ।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेको भएता पनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको पाइएन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मुल्यांकन गरेको पाइएन ।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख गरेको पाइएन ।

• पालिकाले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको पाइएन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेस भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको पाइयो ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन ।

• पालिकाद्धारा संञ्चालित योजनाहरुको स्थलगत अवलोकन नगरीएको कारण योजना तथा कार्यक्रमहरुको वास्तविक अवस्था यकिन हुन सकेन साथै नियममा व्यवस्था भए अनुसार वार्षिक प्रगती विवरण तयार नगरेको कारण सो सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ तथा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पालिकाको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• पालिकाले म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको

• भ्रमण पश्चात म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेस नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट पेस, पारित र अख्तियारी –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.३९ करोड ८० लाख ८५ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०७९।३।१८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पास भएको ७ दिनभित्र अख्तियारी दिएको पाइएन ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको

सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **गत वर्षको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत ५८ योजना तथा कार्यक्रमको लागि गत वर्षको भुक्तानी दिन बाँकी विवरणमा समाबेश गरेर रु.१९०७९०७५ भुक्तानी दिएको छ ।बहुवर्षिय योजना नभएतापनि गतवर्षको भुक्तानि दिने गरी बजेट बनाउने तथा भुक्तानि दिने कार्य उचित होइन। यसमा समयमै सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष २१ योजनामा रु.६५ लाख ११ हजार रकम रकमातर गरेको पाइयो । बर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने र बजेट कार्यान्वयन समयावधिको कारण खर्च उपलब्धी सार्थक हुने देखिदैन। ऐनमा भएको व्यवस्था विपरीत आवश्यकता अनुसार रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **यस वर्षको भुक्तानी दिन बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा

वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ ।पालिकाले आर्थिक वर्ष २०७९।८० मा बिभिन्न ४ योजना तथा कार्यक्रमको लागि रु.१२१७००० भुक्तानी दिन बाँकी रहेको बिबरण पेस गरेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण रकम भुक्तानी दिन बाँकी रहेको देखियो। अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१६५४६४१, राजस्व बाँडफाँड र अनुदानबाट रु.३९३९१३४१३ समेत रु.३९५५६८०५४ आम्दानी भएकोमा चालु तर्फ रु.२७५९७२४९७ र पूँजिगत तर्फ रु.१३०५१५३७५ समेत रु.४०६४८७८७२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५५३२७८० खर्च भएको छ जुन आन्तरिक आयको ३३४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.०५ प्रतिशत चालु र ३३.१३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेस गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ्इ जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**			
		शून्य प्रगति	**२५%सम्म प्रगति**	**५०% सम्म प्रगति**	**७५% सम्म प्रगति**
कार्यक्रम संख्या	११५	२	०	०	११३

सैद्धान्तिक बेरुजु

२० **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले त्रैमासिक प्रगति नवनाई चौमासिक रुपमा नै बनाई पेस गरेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च			चैमासिक खर्च	
		प्रथम	दोस्रो	तेश्रो	आषाढ महिना
पूँजिगत खर्चतर्फ	१३०५११५३७५	१३६१७३५८	२०१८६७१०	९६७११३०७	६७३२०७५३
प्रतिशत	१००	१०.४३	१५.४७	७४.१०	५१.५८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३०५११५३७५ निकासा भएकोमा प्रथम चौमासिकमा रु.१३६१७३५८ (१०.४३प्रतिशत), दोस्रो चौमासिकमा रु.२०१८६७१०(१५.४७ प्रतिशत) र तेस्रो चौमासिकमा रु.९६७११३०७ (७४.१०प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६७३२०७५३(५१.५८प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु. हजारमा

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशतजम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	११३००	१०६३६	२.०१
२	पूर्वाधार विकास	९६६१३	८०९४७	१५.३०
३	सामाजिक विकास	२०९५९४	१९६३९७	३७.१२
४	बातावरण तथा विकास	४०००	२२९०	०.४३
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२४१०५०	२३८७५९	४५.१३
जम्मा		**५६२५५७**	**५२९०२९**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ४५.१३ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.४३ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२२ **आवधिक योजना –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले

वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसारका कुल ११५ योजनामा वजेट विनियोजन गरेको छ।

योजना सङ्ख्या	रु.५० लाख माथिका योजना सङ्ख्या	रु.१०लाख देखि ५० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
८३	९	२५	७	४२

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८३ योजनामात्र कार्यान्वयन भई २ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास		विवरण पेस भएन
पञ्जिकरणतर्फ		
जन्मदर्ता		४७३
मृत्युदर्ता		६२
बसाईसराई दर्ता		३७
विवाह दर्ता		१२३
सम्बन्धविच्छेद दर्ता		२
पूर्वाधार विकास सडक निर्माण		
कालोपत्रे सडक निर्माण		नभएको
कालोपत्रे सडक मर्मत		नभएको
ग्राभेल सडक निर्माण		नभएको
ग्राभेल सडक मर्मत		नभएको

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

२५ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २० कर्मचारीको रु.१४९०००००, शिक्षातर्फ ५२ शिक्षकहरुको रु.५७५९५००० र पालिकाका २९ कर्मचारीको रु.१९१९५००० समेत रु.९१६९०००० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५

दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशाकीय अधिकृत सहित प्रशासकीय अधिकृत, शिक्षा अधिकृत,लेखा अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **कर्मचारी व्यवस्था** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.५०८९६४३ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

पद	**नियुक्ति संख्या**	**तलव भत्ता रु.**
सब ईन्जिनियर	१	५४६१९५
अ.सब ईन्जिनियरिङ्ग	३	१२८३१७८
अनमी	६	१४०४००
अहेव	१	२३४०००
खरिदार	३	१२८३१७८
मुखिया	२	७१८६९२
ना.प्रा.स	१	१९५०००
ल्याव	१	४५५०००
बैद्य	१	२३४०००
जम्मा	**१९**	**५०८९६४३**

अनियमित भएको	५०,८९,६४३

२८ **कर्मचारी कल्याण कोष** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत विगत वर्षहरुमा वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.२००००० ट्रान्सफर गरेको पाइयो । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन ।विगत वर्षहरुदेखि उक्त रकम खातामा सञ्चित अवस्थामा मात्र रहेको पाइयो । यसरी कानूनको व्यवस्था नगरी

पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

२९ **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, १४ वटा नियमावली, १९ कार्यविधि लगायत ३८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

३० **न्यायिक समिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यो वर्ष १३ विवाद दर्ता भएकोमा १३ वटै फर्स्यौट भएको विवरण पेस भएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ९ व्यक्तिहरुलाई रु.४८५००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१६५४६४१ को २९.३१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **महोत्सव तथा अन्य खर्च –**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल ७ उत्सव महोत्सव, दिवस, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.१९४००० खर्च गरेको छ । यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **अनुदान फिर्ता –**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको

अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम रु.११३५६५१८ सम्बन्धित निकायमा फिर्ता नगरेको रु

अनुदान प्रदान गर्ने निकाय	**अनुदानको प्रकार**	**प्राप्त रकम**	**खर्च रकम**	**फिर्ता रकम**	**बाँकी रकम**
संघीय सरकार	शसर्त	१७५११३७०००	१६४४२३३११	०	१०७१३६८९
	विषेश	२२६१९७९२	२२६१९७९२	०	०
	समपुरक	३५४०७६४	३५३४०९७	०	६६६७
	जम्मा	**२०१२९७५५६**	**१९०५७७२००**	**०**	**१०७२०३५६**
प्रदेश सरकार	शसर्त	२२५३००००	२१९२६१५०	०	६०३८५०
	विषेश	५७१५०००	५६८६९१२	०	२८०८८
	समपुरक	१००९८०००	१००९३७७६	०	४२२४
	जम्मा	**३८३४३०००**	**३७७०६८३८**	**०**	**६३६१६२**
	कूल जम्मा	**२३९६४०५५६**	**२२८२८४०३८**	**०**	**११३५६५१८**

प्रमाण पेश नगरेको	१,१३,५६,५१८

३४ **गत वर्षको पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ । साथै नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्योट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाबाट गत विगत वर्षहरुमा दिइएको पेश्की रकम फर्स्योट भइसकेपनी सुत्रमा बाँकी देखिएको भन्ने पालिकाको भनाई रहेको छ । लेखापरीक्षण समयसम्म पनि उक्त पेश्की रकम सुत्रमा पेश्की बाँकी देखिएकोले यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

क्र स	**पेश्की लिने व्यक्ति तथा फर्म**	**प्रयोजन**	पेश्की रकम
१	श्री नेत्रज्योती माध्यमिक प्राविधिक विद्यालय	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ साम्रगी तथा डिजीटल सिकाइ साम्रगी अनुदान	१५३२६९०
२	राहदेव मावि मोफ्ला	शैक्षिक गुणस्तर सुद्धढीकरण	६५००००
जम्मा			**२१८२६९०**

सैद्धान्तिक बेरुजु

३५ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई

दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.४१४६८० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४१४६८० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र स	**पेश्की लिने व्यक्ति तथा फर्म**	**प्रयोजन**	**म्याद नाघेको**
१	विरु तिरुवा	स्थानीय गापाको आफ्नै स्थानीय एफ एम स्थापना	१४४६८०
२	परिलाल विक	लोक डेउडा लगायत संस्कृति जर्गना	२०००००
३	अक्कल बहादुर शाही	वडा कार्यालय सञ्चालन	७००००
जम्मा			**४१४६८०**

पेश्की	४,१४,६८०

३६ **राजश्व अभिलेख -**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । यस वर्ष जम्मा रु.१६५४६४१ राजश्व वा आन्तरिक आय प्राप्त भएको छ भने पालिकाले राजश्व सम्बन्धी राख्नुपर्ने मलेप फारम नं हरु राखेको छैन। प्राप्त हुनुपर्ने राजश्व र प्राप्त भएको राजश्व सम्बन्धमा पालिकाले आन्तरिक रुपमा परिक्षण भिडान पनि गरेको नपाइदा प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिने अवस्था रहेन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

३७ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	**आन्तरिक आय**	**आन्तरिक आय प्रतिशत**
३९७७५०२२१	१६५४६४१	०.४१

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३८ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८५०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१६५४६४१ अर्थात अनुमान भन्दा १०.५५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३९ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	नखुलेको	५८७५८०	अनुमान नखुलेको कारण प्रतिशत यकिन गर्न सकिएन ।
घरजग्गा वहाल कर	नखुलेको	२१६००	अनुमान नखुलेको कारण प्रतिशत यकिन गर्न सकिएन ।
व्यवसाय कर	नखुलेको	१५६००	अनुमान नखुलेको कारण प्रतिशत यकिन गर्न सकिएन ।
अन्य	नखुलेको	८८९४६१	अनुमान नखुलेको कारण प्रतिशत यकिन गर्न सकिएन ।
जम्मा	१९५००००	१६५४६४१	८९.४५

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४० **राजस्व असुली -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाअन्तर्गतका ७ वडाहरुमध्ये राजस्व असुली र दाखिला भएको विवरण निम्नप्रकार रहेको छ ।

वडा नं	अशुली रु.	दाखिला रु.	दाखिला गर्न बाँकी	असार पछि दाखिला गरेको मिति
१	७९७११	७९७११	०	
२	६१४५०	६१४५०	०	
३	१८५०२५	९०७१५	९४३१०	२०८०।५।८
४	३००००	१७०००	१३०००	२०८०।५।२७
५	२६३९०	२६३९०	०	
६	१८९६७०	१८९६७०	०	
७	१०६८१५	१०६६५०	१६५	२०८०।४।२
एम्बुलेन्स	२२८०००	१०९५००	११८५००	२०८०।५।१७
गाउँपालिका	९९४५५२	९९४५५२	०	
जम्मा	**१९०१६१३**	**१६७५६३८**	**२२५९७५**	

पालिकाले दाखिला गर्न बाकी राजश्व रकम रु.२२५९७५ आर्थिक वर्षको समाप्त पश्चात दाखिला गरेको छ । साथै पालिकाको राजश्वको बैक खातामा असार मसान्तसम्म रकम रु.१८२२८०० भएकोमा पालिकाले उपलब्ध गराएको राजश्व विवरणमा रु.१९०१६१३ आम्दानी देखिएकोले फरक परेको रकम रु.७८८१३ यकिन गर्नुपर्दछ ।भनेपालिकाले उपलब्ध गराएको आय व्ययमा यस वर्षको राजश्व रकम रु.१६५४६४१ भएकोमा राजश्वकोबैक खातामा रु.१८२२८०० भएको देखिएकोले फरक रकम रु.१६८१५९ यकिन गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,६८,१५९

४१ **असुली गर्न बाँकी आन्तरीक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार असुल गर्न बाँकी आन्तरिक आय नरहेको उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

४२ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आय ठेक्का लगाएको पाइएन । पालिकाबाट गिट्टी, बालुवा लगायतका सामाग्रीको ठेक्का गर्नुपर्ने व्यवस्था हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

४३ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१५६००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३०५१५३७५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाबाट सञ्चालित ६१ उपभोक्ता समीतिहरुबाट रु.१२ करोड २८ लाख ५८ हजारको कार्य भएको पाइयो । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेस गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/

नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **ठेक्का व्यवस्थामा प्रतिस्पर्धाको स्थिती:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । गाँउपालिकाले उपलब्ध गराएको ठेक्का व्यवस्थापनको विवरण अनुसार यस वर्ष व्यवस्थापन भएका ठेक्काहरुमा ३९.६७ प्रतिशत देखी ५९.५४ प्रतिशत सम्म घटी रकम कवोल गरेको देखियो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । ठेक्का व्यवस्थालाई प्रभावकारी बनाउन लागत अनुमान यथार्थपरक वनाउन ध्यान दिनुपर्दछ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	लागत अनुमान रकम	सम्झौता रकम	घटी प्रतिशत
१	१,०७९।८०	विद्यालय भवन निर्माण	११५९२९०९	६९९३५२२	३९.६७
२	२,०७९।८०	सडक निर्माण	९७५५६७६	३९४३१६१	५९.५८
३	३,०७९।८०	खानेपानी योजना	८३७५६१८	४४०४८३१	४७.४०
४	१,०७९।८०	सडक निर्माण	९७५४८८४	४२३८८८२	५६.५४

सैद्धान्तिक बेरुजु

४८ **टुक्रा पारी खरिद:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को संशोधन अनुसार रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सीमा भन्दा बढी रकमको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष १२ वटा ल्यापटप खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ टुक्रा पारी रु.१४०३२८४ को खरिद गरेको देखियो । नियमावलिमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१४,०३,२८४

४९ **सुरक्षित नागरिक आवासः**

गाउँपालिकाले यस कार्यक्रम बाट प्रतिव्यक्ति रु.५०००० का दरले ११३ जनालाई जम्मा रु.६५००००० भुक्तानी दिएको छ । सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी, २०७५ को अनुसूची ३ बमोजिमको प्रतिवेदन पेस भई कार्यसम्पन्न भएको उल्लेख भएतापनि निर्माण कार्यको नापजाँच एंव कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । सम्बन्धीत लाभग्राहीले अनुदान रकम बाट कार्यसम्पन्न गरे नगरेको गाउँपालिकाले यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **परामर्स तथा डीपीआर खर्च –**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	**परामर्शदाता**	**स्वीकृत रकम**	**खर्च रकम**	**अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत**
प्राथमिक स्वास्थ्य केन्द्रको डीपीआर रिपोर्ट	क्रिस्टोन इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१००००००	९९६१६५	३०९७७५४६
हिमा खोलाको रिभर ट्रेनिङ्गको डीपीआर	गुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि	३०००००	२९९९९९	नखुलेको
जम्माः		**१३०००००**	**१२९६१६४**	**३०९७७५४६**

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगरी प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । प्रतिवेदनहरुको अभिलेख को रुपमा लेखांकन पनि गरेको छैन ।

साथै हिमा खोलाको रिभर ट्रेनिङ्गको डीपीआर वापत गुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि लाई भुक्तानी भएको रकम रु.२९९९९९ को प्रतिवेदन पेस नगरेकोले उक्त प्रतिवेदन पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,९९,९९९

५१ **कन्टिन्जेन्सी खर्चको अभिलेख :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै अभिलेख नराखेको कारण आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु.१८००००० खर्च गरेको भनी विवरण पेस गरेकोमा छुट्टै कन्टिन्जेन्सी खाता नराखेको कारण वास्तविक कट्टी रकम र कूल खर्च रकम यकिन गर्न सकिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **सार्वजनिक परीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५३ **बिजक बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (5) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई,प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नु पर्ने ब्यवस्था छ । कार्यालयले ३८।२०७९।११।१५ बाट जुगार देखि सिम्तली जार्जी सम्म पी सी सी गोरेटो वाटो निमार्ण उ स लाई गाडी भाडा वापत रकम रु.३८९५८४।३२ भुक्तानी गर्दा विल भरपाई बेगर भुक्तानी गरेको देखिएकोले बिजक पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	३,८९,५८४.३२

५४ **बढी भुक्तानी**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम नियम ९७(६) मा बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सहितको प्राविधिक मूल्यांकनको आधारमा खर्च लेख्दा खर्चको विल भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।निम्ननुसार व्यवसायिको भुक्तानी विल पेश भएकोमा विभिन्न भौचरहरुवाट रु२४५९९६९।भुक्तानी भएको देखिंदा रु ६३५९९९।बढी भूक्तानी भएको असुल हुनु पर्ने रु

भौ नं र मिति	व्यवसायिको नाम	भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	विवरण	बढी भूक्तानी रकम
६।२०७९।१२।२	देवल ढुस्की सिचाई योजना उ स	८७९४९३	८४३४९४।६३	प्राविधिक मुल्यांकन तथा नापी किताब र विलविजक अनुसार भएको	३५९९९
९४।२०७९।४।१ र १३७। २०८०।३।२४	हिमा हाईड्र पाबर उ स	१५८०४७६	९८०४७६	पेश्कि रकम रु ६०००००। नघटाई	६०००००
		पेश्कि समेत		समर्पण बिल रकम भुक्तानी	
जम्मा		२४५९९६९	१८२३९७०।६३		६३५९९९

असुल गर्नुपर्ने	६,३५,९९९

५५ सोझै खरिद

सार्वजनिक खरिद ऐन, 2063 को दफा 8(२) मा प्रतिस्पर्धालाई सीमित गरि खरिद प्रकृया अघि बढाउनु हुदैन् भन्ने व्यवस्था रहेको एवं दफा 85(१ख)मा तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाइने व्यवस्था रहेकोमा उल्लिखित व्यवस्थाको पालना नभएको सम्वन्धमा गत विगत वर्षहरुमा सो सम्वन्धी व्यहोरा औल्याउदै आएको भएतापनि यो वर्ष समेत उक्त प्रकृयामा सुधार भएको देखिएन्।यस वर्ष सोझै खरिद गरेको निम्नानुसार रु.२४४७१०० नियमित गर्नुपर्ने रु.

सि.नं.	कम्पनी वा संस्थाको नाम	PAN नम्बर	बिल नं	भुक्तानी रकम	सामान	गो. भौ . नं .
१	अंकित जनर्ल स्टोर एण्ड सप्लाई	३००४०७२४०	५५२, ५४८ , ५५०	८१५७००	३ थान	१४४/ २०८०।०३।२४
2	अंकित जनर्ल स्टोर एण्ड सप्लाई	३००४०७२४०	२४३, ४४० , २७१	८१५७००	मोटर साईकल ३ थान	१०१/ २०८०।३।८
3	अंकित जनर्ल स्टोर एण्ड सप्लाई	३००४०७२४०	२४१, १२ , २४२	८१५७००	मोटर साईकल ३ थान	४४/ २०७९।११।३०
जम्मा				२४४७१००		

अनियमित भएको	२४,४७,१००

५६ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

सि.नं.	आयोजनाको नाम	विनियोजित रकम	अन्तिम भुक्तानी
१	टाङगाडा दखि चिउडी सम्म सिचाइ योजना	५,७१५,०००.००	५,७०२,२२०.००
२	बड्की ज्यूला आर.सि.सि. कुलो निर्माण	१५०००००	१५०००००
३	जोल कुलो सिचाई आयोजना	१५०००००	१५०००००
४	नदि कटान नियन्त्रण योजना उ स	२४१०५३	२४२०५३
	जम्मा	८,९५६,०५३.००	८,९४४,२७३.००

सैद्धान्तिक बेरुजु

५७ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । यसका केहि उदाहरण निम्न प्रकार रहेका छन् ।

सि.न.	**कार्यक्रम**	**भुक्तानी रकम**
१	७ वडालाई नै रु.१० हजारका दरले तिज विशेष कार्यक्रम	७००००
२	७ वडालाई नै रु.१५ हजारका दरले नारी दिवस कार्यक्रम	१०५०००
३	गापा स्तरीय फूटबल कार्यक्रम	१८०००
४	भेडापालक कृषकहरुलाई साम्रगी वितरण वडा नं १	७६८००
५	मंसिर ४ को चुनाव खर्च वापत खाजा, खाना	११९१००
६	छरिएर रहेका खुसीहरु नामक पुस्तक वितरण	५००००
७	एभरेष्ट वायरलेस नेटबर्क प्रा लि दैलेख लाई जुम्ला देखि हिमा सम्मको जडान गर्दाको खाजाका विल भुक्तानी	४५०००
८	२४ जना सुत्केरी प्रोत्साहन भत्ता	२८३२०
९	पालिका स्तरीय भलिवल प्रतियोगिता	५००००
१०	अन्तर स्तरीय गापा फूटवल	५६०००
११	गरिब तथा जेहेन्दार विद्यार्थी भनी ४ जनालाई छात्रवृति वितरण	२०००००
जम्मा		**८१८२२०**

वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

५८ **खर्चमा मितव्ययिता –**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले विनियोजन गरेका विभिन्न खर्च शिर्षकको रकमहरु खर्च गर्दा मितव्ययी एंव उपलब्धीपूर्ण तरिकाले खर्च गर्नुपर्दछ । इन्धन खर्चको लगबुक, मर्मत खर्चको अभिलेख, भ्रमण खर्चको खाता अद्यावधिक नगरेको, कार्यालय सम्बन्धी खर्च र विविध खर्च समेतमा निम्नानुसार खर्च भएको देखिएकोले उक्त खर्चमा मितव्ययीता कायम गर्न ध्यान दिनुपर्दछ । साथै पालिकाले अभिलेख व्यवस्थित गरी खर्चको पुष्ट्याई समेत राख्नुपर्दछ ।

सि.नं.	खर्च शिर्षक	खर्च रकम
१	कार्यालय सम्बन्धी खर्च	३९७४०००
२	विविध खर्च	३००००००
३	इन्धन खर्च	२३९६०००
४	भ्रमण खर्च	२७६६०००
५	मर्मत खर्च	१४३६०००

सैद्धान्तिक बेरुजु

५९ **अन्य संस्थालाई अनुदान –**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता ,प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

सि.नं.	**अनुदान पाउने संस्थाको नाम**	**प्रयोजन**	**अनुदान रकम**
१	अपाङ्ग मानव अधिकार एंव विकास केन्द्र जुम्ला	विविध खर्च	१५००००
२	गाउँपालिका राष्ट्रिय महासंघ	विविध	५००००
३	श्री हिमा श्रृजनशिल महिला बहुउद्धेश्यीय सहकारी संस्था लि.	विविध	४०००००
४	जिल्ला प्रशासन कार्यालय	विविध	१३८५००
५	खसिया आखर	जुम्ली शब्दकोष	१५००००
६	नेपाल पत्रकार महासंघ जुम्ला	विवध	५०००००
७	सशस्त्र प्रहरी बल नेपाख नं ३३	कार्यालय भवन निर्माण	५०००००
जम्मा			१८८८५००

सैद्धान्तिक बेरुजु

६० **सवारीसाधन खरिद –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १० थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.२७३९०००, तथा १ थान चार पांङ्ग्रे सवारी साधन खरिदमा रु.५९६५००० बजेटबाट खर्च गरेको छ । पालिकाबाट निर्देशिकाको पालना हुनुपर्छ ।

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाइकल	१०	२७३९०००
२	कार/जीप	१	५९६५०००
जम्मा		**११**	**८७०४०००**

सैद्धान्तिक बेरुजु

६१ **सूचना तथा विज्ञापन छपाईमा छुट नदिएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । कुनैपनि पत्रिकामा सूचना प्रकाशन गर्दा सूचनाको साइज र दररेट उल्लेख गरी सूचना प्रकाशन गर्नुपर्दछ साथै राष्ट्रियस्तरको पत्रिकामा विज्ञापन दिदाँ उपयुक्त दर र पाएको छुट कट्टी गरी रकम भुक्तानी दिनु पर्दछ । पालिकाले निम्नानुसारको पत्रिकामा विज्ञापन प्रकाशन वापत भुक्तानी गर्दा प्रकाशित विज्ञापनमा छुट सुविधापनि नदिएको र दर उल्लेख गर्दा राष्ट्रिय स्तरका पत्रिकाको दररेट भन्दा वढी भुक्तानी गरेकोले उक्त रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.

गो भौ र मिति	भुक्तानी पाउनेको नाम	प्रयोजन । विल नं	परिमाण	भुक्तानी भएको दर	भुक्तानी हुनुपर्ने दर	वढी दर	वढी भुक्तानी
२४८। २०७९।११।३	नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि	विज्ञापन प्रकाशन (४)	११० **CC**	१७८०	१४५०	३३०	३६३००
२४८। २०७९।११।३	नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि	विज्ञापन प्रकाशन (५)	११० **CC**	१७८०	१४५०	३३०	३६३००
२४८। २०७९।११।३	नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि	विज्ञापन प्रकाशन (६)	७० **CC**	१७८०	१४५०	३३०	२३१००
२४८। २०७९।११।३	नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि	विज्ञापन प्रकाशन (८)	१०० **CC**	१७८०	१४५०	३३०	३३०००
जम्मा							**१२८७००**

असुल गर्नुपर्ने	१,२८,७००

६२ **नविकरण जरिवाना:**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । लोक प्रसाद उपाध्याय पेश्की फर्स्यौट गर्दा पालिकाका सवारी साधनहरु समयमा नै नविकरण गरी स्रेस्ता अद्यावधिक गर्नु पर्नेमा लामो समय सम्म पनि नविकरण नगरी जरिवाना तिरेको छ । यस सम्बन्धमा सम्बन्धितलाइ जिम्मेवार बनाइ निम्नानुसार लाग्ने दस्तुर भन्दा बढी जरिवाना तिरेको रकम नियमसम्मत नदेखिएको रु.

सवारी नम्बर	जरिवाना तिरेको रकम रु
क...१...ब...२३६	१४८०
भे...१...ब...१८९२	२००
क...१...ब...२३२	२००
क...१...ब...१२५	४४४०
क...१...ब...२१३	२००
क...१...ब...१३	५००
जम्मा	**७०२०**

अनियमित भएको	७,०२०

६३ **बढी भुक्तानीः**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी व्यवस्था छ । सो अनुसार गाउँपालिका स्तरीय तालिम कार्यक्रममा शेसन सञ्चालन र कार्यपत्र वापत गरी बढीमा रु.१५०० का दरले भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले ५५६।२०८०।३।८ बाट कानूनी परामर्श सम्बन्धी २ दिने तालिम सञ्चालन वापत अधिवक्ता डिल्ली बहादुर महतलाई प्रतिशेसन ३००० का दरले ८ शेसनको करकट्टी सहित रु.२०४०० भुक्तानी गरेको छ । निर्देशिका अनुसार ८ शेसनको करकट्टी सहित रु.१०२०० भुक्तानी गर्नुपर्नेमा सो विपरीत बढी भुक्तानी भएको रकम रु.१०२०० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,२००

६४ **सफ्टवेयर खरिद** -

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले राजस्व प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी रु.११३९९७१ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । पालिकाले सम्बन्धीत निकायबाट स्वीकृति लिई समयमै प्रयोग समेत हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६५ **कानूनी सल्लाहकार** –

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिकाले कानूनी सल्लाहकारका रुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री दिल बहादुर महतलाई नियुक्त गरी वार्षिक सम्झौता गरी एकमुष्ट रु.२००००० भुक्तानी भएको छ । नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य अनियमित देखिएको रु.

अनियमित भएको	२,००,०००

६६ **स्थानीय तहका पदाधिकारी सुविधा :**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष ३८ जना पदाधीकारलाई गत वर्षको २ महिनाको र यस वर्षको १२ महिनाको गरी १४ महिनाको रु.५५३२७८० रकम सुविधा वापत भुक्तानी गरेको छ । साथै गाउँपालिका अध्यक्ष लक्ष्मण शाहीको गत वर्षको २ महिना र यस वर्षको १२ महिना

गरी कूल १४ महिनाको सुविधा भुक्तानी हुनुपर्नेमा १५ महिनाको सुविधा भुक्तानी भएकोले बढी सुविधा भुक्तानी रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३३,०००

६७ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	राहदेव मा.वि. मोफ्ला	१०	१०	६	७३८
२	कालिका मा.वि. बड्की	१२	१२	५	६३२
३	नेत्र ज्योती मा.वि.ओदी	१३	१३	९	४७९
४	कालिका मा.वि.तलिकुडू	१६	१६	९	७२०
५	अन्नपूर्ण मा.वि.मष्टामाडु	६	६	२	३८०
६	भानु मा.वि. पाथरखोला	९	९	२	३५५
७	रुपेल्ली देवी आ.वि.मर्ची	४	४	२	२३१
८	रुपाकोट आ.वि. बाँजागाडा	४	४	०	३०२
९	लक्ष्मी देवल आ.वि. आचार्यलही	३	३	०	१००
१०	कालिका आ.वि.देवारगाउँ	३	३	१	१७३
११	महादेव आ.वि. चेमा	१	१	०	८५
१२	भैरव आ.वि. जोगीवाडा	४	४	०	१०५
१३	हिमा आ.वि.कोईरेली	१	१	०	९८
१४	विष्णु आ.वि. रिखिदेव	१	१	१	११३
१५	ज्योति आ.वि.तलिकूडु	१	१	१	११२
१६	कुलदेव आ.वि. चिउडी	१	१	१	८७
१७	कैलाश आ.वि. जार्जी	२	२	१	१०३
१८	महादेव आ.वि. माथिकुडु	१	१	१	११३
१९	जनता शिव आ.वि. डाँडावाडा	२	२	१	१७७
जम्मा		**९४**	**९४**	**४२**	**५१०३**

शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.६३५३६६४ खर्च लेखेको पाईयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु

अनियमित भएको	६३,५३,६६४

६९ **दिबा खाजाः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थीहरुलाई दिवा खाजाका लागि विद्यालयलाई अनुदान दिन मिल्ने व्यवस्था रहेको छ पालिकाले यस वर्ष दिवा खाजा वापत पहिलो निकाशा दिदाँ ३३। २०८०।८।२६ बाट ३३२१ विद्यार्थीहरुलाई रु.५९४३००० र दोश्रो निकाशा दिदाँ १९९।२०८०।३।२२ बाट ३२०७ विद्यार्थीहरुलाई रु.४५२१८०० रकम भुक्तानी गरेको छ । एकै शैक्षिक सत्रमा EMIS अनुसार पहिलो र दोश्रो निकाशा दिदाँ के कसरी विद्यार्थी संख्या फरक परी ११४ जना विद्यार्थी बराबरको दिवा खाजाको रकम बढी भुक्तानी गएको देखिन गएकोले यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **विद्यालय भौतिक पूर्वाधार निर्माण-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि रुपाकोट आधारभूत विद्यालय हिमा ५ लाई ४ कोठे भवन निर्माणका लागि अन्तिम विलमा रु.११६८६७६ भुक्तानी हुनुपर्नेमा रु.११९९६६१ भुक्तानी भएकोले वढी भुक्तानी रकम रु.३०९८५ असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३०,९८५

७१ **स्यानिटरी प्याड-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई भनी पालिकाले स्यानीटरी प्याड खरिद गर्नका लागि विद्यालयलाई रु.११९२००० निकाशा गरेको छ । उक्त रकमबाट ८ मध्ये ५ विद्यालयले स्यानीटरी प्याड खरिद गरी रु.७१४४२२ को विल पालिकामा पेस गरेका पाइयो । साथै उक्त विद्यालयले उक्त स्यानीटरी प्याड वितरण गरेको भर्पाई समेत पालिकामा पेस गरेको पाइएन । उक्त प्याडहरुको गुणस्तर परिक्षण गरेको नदेखिएकोले सोको गुणस्तर सम्बन्धमा आश्वतता हुन सकिएन । साथै उक्त स्यानीटरी प्याड खरिद तथा वितरण गरेको प्रमाण पेस हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	११,९२,०००

७२ **बिलभर्पाई नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । २१२।२०८०।३।२४ बाट पालिकाले कोभिड...१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरक तथा अन्य विपदको समयमा सिकाई निरन्तरता वापत भुसाल अफसेट प्रेसबाट रु.३७९८७० को स्व अध्ययन साम्रगी १२८८ पुस्तक खरिद गरेकोमा सोको वितरणको भर्पाई नभएकोले आवश्यक प्रमाण पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,७९,८७०

७३ **शिक्षक अनुदानः**

शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ।कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुँदा नं २.८.१२ मा व्यवस्था भए बमोजिम माध्यमिक तहको कक्षा (९-१०) का लागि कुनै पनि दरबन्दि वा राहत अनुदान नभएका शून्य दरबन्दी भएका गणित, अंग्रेजी र विज्ञान विषय व्यवस्थापनका लागि शिक्षक सिकाई अनुदान दिन विद्यालयमा शिक्षक भर्ना भएको हुनुपर्ने उल्लेख छ।शून्य दरबन्दी भएका विद्यालयलाई नियमानुसार शिक्षक भर्ना भएपछि अनुदान उपलब्ध गराउनुपर्नेमा शिक्षक भर्ना भएको विवरण पेश भएको छैन।कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए बमोजिम अन्नपूर्ण मा. वि. मा शिक्षक नियुक्ति भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,५५,८८०

७४ **घटी बिलः**

भौ.नं. ९९/२०८०/०२/१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। राहदेव मा वि मोफ्ला जुम्लालाई शिक्षकको तलब भत्ता लगायत शैक्षिक सामाग्रि खरिद गर्नको लागि रु. ३००००००।०० पेश्की दिएकोमा बिल भर्पाइ सहित रु. ३०४८४०९।०० को पेस्की फस्र्योट भएको निवेदन सहित भौचर पेश भएको छ।पेश्की फस्र्योट भएको बिल भर्पाइ परिक्षण गर्दा शिक्षकको तलब र शैक्षिक सामाग्री खरिदमा रु २८०७४९५।०० को मात्र बिल भर्पाइ पेश भएको छ। घटी बिल भर्पाइ पेश भएको रु. २४०९१४।०० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,४०,९१४

७५ **कर दाखिला नभएकोः**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिलाको प्रमाण पेस गर्नुपर्ने रु

गोभौनं./मिति	विवरण	करको दर	कर रकम
५७।२०८०।३।२४	दन्तराज रावत पेश्की फर्स्यौट	१५ %	४५६०
५७।२०८०।३।२४	दन्तराज रावत पेश्की फर्स्यौट	१.५ %	२५४८
जम्मा			७१०८

प्रमाण पेश नगरेको	७,१०८

७६ **औषधि खरिद –**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ९ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले समानिकरणबाट रु.५७००००० र सशर्तबाट रु.१२७५००० समेत रु.१८२५००० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा गत वर्ष २२० थानको रु.२२०००० र यस वर्ष २२० थान को रु.२२०००० खरिद गरेकोमा गत वर्ष १७६ जना र यस वर्ष १२८ जना गरी ३०६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकामा यस वर्ष १२८ जना सुत्केरी भएतापनि जुमल्याहा बच्चाहरुलाई न्यानो झोला वितरण गरेकाले १५० थान खर्च भएको विवरण पेस भएको छ । पालिकाको भण्डारमा खरिद गरिएका ७० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **स्वास्थ्य बीमा कार्यक्रमः**

नेपाल सरकार स्वास्थ्य बीमा वोर्ड स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६ अनुसार भनी पालिकाले यस वर्ष वडा नं १ का ३१४ जनाको रु.११९७२१०, वडा नं २ का १७३ जनाको रु.७५७१००, वडा नं ३ का २८५ जनाको रु.१२०९१००, वडा नं ४ का १८९ जनाको रु.७८५३००, वडा नं ५ का १९२ जनाको रु.८७२४००, वडा नं ६ का ८१ जनाको रु.२८८९८००, वडा नं ७ का १९८ जनाको रु.८३३७०० समेत कूल १४३२ जनाको रु.५९४४६१० स्वास्थ्य बीमा वापतको रकम व्यहोरेको छ ।उपलब्ध विवरण अनुसार नियम १६ बमोजिमको व्यवस्था अनुरुप सुविधा पाउने परिवारको मात्र रकम व्यहोरेको सम्बन्धमा यकिन हुन सकिएन । सो सम्बन्धमा पालिकाले नै नियमावली अनुरुप सुविधा पाउने परिवारहरुको मात्र स्वास्थ्य बीमा कार्यक्रमको रकम व्यहोर्ने गर्नुपर्दछ । नियमावलीमा भएको व्यवस्थ विपरीतको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५९,४४,६१०

७९ **बढी पारिश्रमिक भुक्तानीः**

स्वास्थ्य सेवा विभागको मिति २०७७।९।१९ च. नं. १३७६ को पत्रबाट मेडिकल अधिकृत श्री डा विश्वनाथ शर्मा लाई छेडागाड नगरपालिका जाजरकोटको झाप्रा अस्पतालमा कामकाज गर्ने गरि दुई वर्षको लागि करारमा नियुक्ती गरेकोमा हिमा गाँउपालिकाबाट तलब भत्ता भुक्तानी भएको देखिन्छ।नियुक्ति पत्रानुसार २०७९।९।१९ सम्म करार म्याद रहेको र तत्पश्चात म्याद थप भएको प्रमाण पेश भएको छैन।करार म्याद थप भएको प्रमाण पेश नभएकोले नियुक्ति पत्रानुसार २०७९।९।१९ सम्म तलब भत्ता भुक्तानी दिनुपर्नेमा २०७९ फागुन सम्मको तलव भत्ता भुक्तानी भएको छ।करार म्याद भन्दा बढी अवधिको तलव भत्ता भुक्तानी भएको रु. १५२३३५।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,५२,३३५

८० **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेस भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **अनुदानको अनुगमन** –

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।

- · **कृषितर्फः** पालिकाले देहायका ५ कृषि सहकारी तथा फर्मलाई बीउपूँजी तथा अनुदानमा रु.२५२०००० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा

सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र सं	**अनुदान प्राप्त गर्ने संस्था**	**अनुदान व्यहोरा**	**अनुदान रु.**
१	ऐराकोट फलफूल उत्पादन कृषक समूह	स्याउ क्षेत्र विस्तार कार्यक्रम	७६००००
२	महिला उज्वल कृषि समूह	स्याउ क्षेत्र विस्तार कार्यक्रम	७६००००
३	खोले महादेव कृषक समूह	ओखर पकेट निरन्तरता	६०००००
४	वि पी एकिकृत कृषि फर्म	साना सिचाई पोखरी निर्माण	२०००००
५	भव्य एकिकृत कृषि फर्म	साना सिचाई पोखरी निर्माण	२०००००
जम्मा			**२५२००००**

- ·**पशुसेवा तर्फः** आर्फ दलित बाख्रापालन समूह हिमा ६ लाई ३० वटा बाख्रा खरिदका लागि रु४५००००, २ बोका खरिदका लागि रु ६०००० र खोर सुधारका लागि रु ४०००० समेत जम्मा रु ५५०००० अनुदान उपलब्ध गराएको देखियो । उक्त अनुदान रकमबाट सम्बन्धीत लाभग्राहीले उक्त बाख्रा तथा बोकाहरु प्राप्त गरे नगरेको र पालन पोषण समेत भइरहेको छ छैन गाउँपालिकाले अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८२ **कार्यपत्र बापतको पारिश्रमिकः**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ को ७.१.१५ को सि.नं. ३ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट संचालित सहायक स्तरको तालिमको लागि कार्यपत्र तयारी गरेवापतको पारिश्रमिक प्रति कक्षा रु. ३५०/ उपलव्ध गराउने उल्लेख छ।पालिकाबाट विभिन्न तालिम संचालन हुँदा कार्यपत्र बापतको पारिश्रमिक प्रति कक्षा रु ३५०।०० को दरले भुक्तानी दिनुपर्नेमा रु ७००।०० को दरले भुक्तानी भएको छ।निर्देशिकामा भएको व्यवस्था विपरित बढी भुक्तानी दिएको प्रति कक्षा रु ३५० को दरले जम्मा रु सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

भौ. नं. र मिति	प्रशिक्षकको नाम	भुक्तानी भएको दर	भुक्तानी हुनु पर्ने दर	कक्षा संख्या	बढी भुक्तानी रकम कर पछि
रैथाने बालिको विउ उत्पादन संरक्षण तथा प्रवर्द्धन कार्यक्रम					
१०,२०७९।११।४	श्री छेपाल लामा तामाङ	७००	३५०	२४	७१४०
१३,२०७९।११।६	श्री बवरजंग शाही	७००	३५०	२८	८३३०
२०,२०८०।२।२१	श्री बवरजंग शाही	७००	३५०	२१	६२४५
२१,२०८०।२।२१	श्री विरेन्द्र बहादुर बम	७००	३५०	२१	६२४५
	श्री आशा चौलागाई	७००	३५०	१४	४१६५
जम्मा					**३२१२५**

असुल गर्नुपर्ने	३२,१२५

८३ **बिल तथा अग्रिम करः**

भौ.नं. १४६/२०८०/०३/१३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ।पालिकाले दुधेशिला पोषण समूहलाई बाख्रा खरिद गर्न रु. ६२५०००।०० अनुदान दिएकोमा वि. एस कृषि तथा पशुपंक्षी पालन फर्मबाट बाख्र खरिद भएको छ । विपन्न महिलालाई बाख्रा पालन गर्न खरिद गरिएका बाख्राको बिल रु. ६२५०००।०० वि. एस कृषि तथा पशुपंक्षी पालन फर्मलाई भुक्तानी दिएकोमा बिल पेश नभएकोले बिल पेश हुनुपर्ने तथा बिल रकममा १.५ प्रतिशत अग्रिम कर रु. ९३७५।०० कट्टि गरि दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,३७५

८४ **फोहरमैला व्यवस्थापन –**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८५ **लघु उद्यम कार्यक्रमः**

भौ. नं. १७३, १७५।२०८०।३।१९ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को नियम ४१ को उपनियम २ बमोजिम तालिममा सहभागी भएकालाई प्रविधि हस्तान्तरण गर्दा कुल लागतको २० प्रतिशत रकम स्वयंले व्यहोर्नुपर्नेमा सोको कार्यान्वयन गरेको छैन।पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विपन्न समुदायलाई

विभिन्न सामाग्रि खरिद गरि वितरण गर्दा खरिद रकमको २० प्रतिशतले हुने रु. १२०६२२।०० स्वयं व्यक्तिले व्यहोर्नुपर्नेमा सोको पालना गरेको छैन।निर्देशिका बमोजिम प्रविधि बुझीलिनेबाट २० प्रतिशतले हुने रु. १२०६२२।०० असुल गरि दाखिला गर्नुपर्ने रु.

क्र. स.	भौ नं. र मिति	नाम थर	सामाग्रिको मूल्य	२० प्रतिशत दाखिला हुनुपर्ने रकम
१	१७३,२०८०।३।१९ १७५,२०८०।३।१९	श्री जोति बम	१६७६२	३३५३
२		श्री सूर्य बहादुर शाही	१६७६२	३३५३
३		श्री मन बहादुर बम	१६७६२	३३५३
४		श्री भावना बम	१६७६२	३३५३
५		श्री सुर बहादुर रोकाया	३६०४०	७२१०
६		श्री पम्फा रोकाया	१००००	२०००
७		श्री कोइरे थापा	१००००	२०००
८		श्री विजु रावत	१००००	२०००
९		श्री राज बहादुर रोकाया	१००००	२०००
१०		श्री बल रोकाया	१००००	२०००
११		श्री थुमा रोकाया	१००००	२०००
१२		श्री दुधकला थापा	१००००	२०००
१३		श्री धनमाया रोकाया	१००००	२०००
१४		श्री जयरुपा रोकाया	१००००	२०००
१५		श्री प्रकाश रोकाया	१००००	२०००
१६		श्री सरला रावत	१००००	२०००
१७		श्री रुप रोकाया	१००००	२०००
१८		श्री छलु थापा	१००००	२०००
१९		श्री नानी रोकाया	१००००	२०००
२०		श्री ज्योति रोकाया	१००००	२०००
२१		श्री जानदेवी रोकाया	१००००	२०००
२२		श्री भिरकली रोकाया	१००००	२०००
२३		श्री जुनपुरा रोकाया	१००००	२०००
२४		श्री पुम्फी रोकाया	१००००	२०००
२५		श्री तिरसना रोकाया	१००००	२०००
२६	२०१,२०८०।३।२२	विभिन्न २६ जना व्यक्ति	३०००००	६००००

जम्मा	**१२०६२२**

असुल गर्नुपर्ने	१,२०,६२२

८६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष २१३ जनालाई औसत ७३ दिनले रोजगारी उपलव्ध गराई कार्यविधीले तोकेको दर रु.५७७ लाई आधार मानी रु.१०७४३७४० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८७ **सामाजिक सुरक्षा-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वापत रकम रु.५१५०६८६३ निकासा गरेको छ । लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकममध्ये रु.४८१३१ रकम बैङ्कमा बाँकी रहेको देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४८,१३१

८८ **निष्क्रिय खाताः**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसूची ७ र ८ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant) खाताको विवरण केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ।बैंकले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा (Dormant) खाताको विवरण गाउँपालिकालाई दिएको पाइएन।यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकिन गर्ने सकिएन।कार्यविधिमा भएको व्यवस्था अनुसार गाउँपालिकाले उक्त बैंकसँग (Dormant) खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८९ **लगत कट्टाः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ।गाउँपालीकाले आर्थिक वर्ष २०७९।८० मा सबै वडामा मृत्यु दर्ता गरेकोमा उक्त लाभग्राहिको लगत कट्टा गरेकोमा पुर्ण रुपमा लगत कट्टा भएको एकिन भएन।लाभग्राहिको खातामा भत्ता निकासा दिदा मृत्यु भएका, बसाइँ सरी गएका, एकल वा विधवा महिलाले विवाह गरेका, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएका, नवीकरण नगरेका, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेका खाता निष्क्रिय भएका वा अयोग्य व्यक्तिको नाममा रकम निकासा भएको एकिन भएन।

सैद्धान्तिक बेरुजु

९० **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फछ्र्यौट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।

९०.१ गा पा चालु ७९ बाट यसमा न्यू लक्ष्मी इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स बिजक न ०६४ बाट रु २००००० को साम्रगि खरिद गर्दा अग्रिम कर कट्टी १.५ प्रतिशत कट्टी नगरेकोले करकट्टी गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३,०००

९०.२ गा पा चालु १८७ बाट यसमा घरभाडा भुक्तानी बापत लक्ष्मी शाही हिमा ५ को मिति २०७९ साउन १ बाट २०७९ मंसिर महिनासम्म जम्मा पाँच महिनाको २५००० मात्र माग भएकोमा रु २७००० भुक्तानी दिएकोमा २००० बढि भुक्तानी असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,०००

९०.३ गा पा चा लु ४३ बाट भैरव आ वि जोगिबाडाले कल्पना इलेक्टोनिक एण्ड अडर सप्लाएर बाट खरिद गरी पेश भएका बिल भरपाई निवेदनका आधारमा जम्मा रु २०३३०० भुक्तानी दिनुपर्नेमा रु२१३२०० भुक्तानी दिईएकोले बढि भुक्तानी रु ९९०० असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९,९००

अनुगमन लेखापरीक्षण

९१

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । पालिकाले २०७८।७९ सम्मको बाँकी बेरुजुको विवरण पेस गरेको छैन । साथै यस वर्ष सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको छैन ।

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **हिमा गाउँपालिका, जुम्ला** को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	२१७२७१	०	०	०	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : हिमा गाउँपालिका, जुम्ला , हिमा गाउँपालिका , जुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	Dipak Mahatara	२०७८-१०-२१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,७८९,३६४.३२	२१,४४५,३२१	१६,०७२,७८५	०	०	४१४,६८०
				जम्मा बेरुजु रकम	३९,७२२,१५०.३२
				लेखापरीक्षणको क्रममा असुली रु	०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३५०३८३९२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८८९८७५५६	चालु खर्च	२७५९७२४९७
प्रदेश सरकारबाट अनुदान	४७४९००००	पूँजीगत खर्च	१३०५१५३७५
राजश्व बाँडफाँट	५७४३५८५७	वित्तीय/अन्य व्यवस्था	९१३२४७५५
आन्तरिक आय	१६५४६४१.०		
अन्य आय	९४२५३६७४		
कुल आय	४८९८२१७२८	कुल खर्च	४९७८१२६२७
बाँकी मौज्दात		२७०४७४९३	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	चालु तथा प्रशासनिक खर्च	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
२	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
३	तालिम तथा कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
४	खरिद व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन ठेक्का तथा प्रस्ताव व्यवस्थापन खरिद व्यवस्थापन खरिद व्यवस्थापन
५	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
६	स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च	स्वास्थ्यतर्फ
७	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
८	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
९	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१०	शिक्षा तर्फको वजेट तथा कार्यक्रम	शिक्षा तर्फ
११	प्रधानमन्त्री रोजगार कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१२	मुख्यमन्त्री रोजगार कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१३	बैक खाता छोरीको कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१४	आन्तरिक आय	आन्तरिक आयतर्फ
१५	सामान्य जोखिम	कार्यालयको लेखापरीक्षणको दौरान देखिने जोखिम
१६	भूक्तानीमा कर कट्टी	भुक्तानीमा कर कट्टी